त्रिभुवन विश्वविद्यालय
व्यवस्थापन सङ्काय, डीनको कार्यालय
कीर्तिपुर ।

# एम.बि.एस. (MBS)/एम.पि.ए. (MPA) कार्यक्रम (सेमेष्टर प्रणाली) को प्रवेश परीक्षा-२०७९ सम्बन्धी अत्यन्त जरुरी सूचना

**प्रकाशन मिति : २०७९।०९।०९**

त्रिभुवन विश्वविद्यालय, व्यवस्थापन सङ्काय अन्तर्गतको सेमेष्टर प्रणालीमा आधारित Master of Business Studies (MBS) तथा Master of Public Administration (MPA) कार्यक्रम सञ्चालन भएका सम्पूर्ण क्याम्पस/कलेजहरूमा शैक्षिक वर्ष २०७८/०७९ मा विद्यार्थी भर्ना कार्यक्रम देहाय अनुसार सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| | |
|---|---|
| **आवेदन फाराम बुझाउने मिति** | : २०७९ पुस ११ गतेदेखि २०७९ माघ ०९ गतेसम्म |
| **दोब्बर शुल्क सहित आवेदन फारम वितरण तथा सङ्कलन** | : २०७९ माघ १० गतेदेखि २०७९ माघ १५ गतेसम्म |
| **प्रवेश परीक्षा** | : २०७९ माघ २१ गते, शनिबार |
| **प्रवेश परीक्षा समय** | : बिहान ८:०० बजे |
| **विद्यार्थीको भर्ना हुने अन्तिम मिति** | : २०७९ फागुन ०८ गतेसम्म |
| **कक्षा सञ्चालन** | : २०७९ फागुन १० गतेदेखि |

- प्रवेश परीक्षामा Verbal Ability, Quantitative Ability, Business and Economics र General Awareness विधाबाट २५/२५ Multiple Choice Question सोधिनेछ ।
- स्नातक तहको अन्तिम परीक्षामा सामेल भई नतिजा प्रकाशन हुन बाँकी परीक्षार्थीहरूले पनि प्रवेश परीक्षामा सम्मिलित हुन आवेदन फाराम भर्न सक्नेछन् । प्रवेश परीक्षामा उत्तीर्ण भई भर्ना हुँदा उत्तीर्ण भएको लब्धाङ्क पत्र अनिवार्य पेस गर्नुपर्नेछ ।
- आवेदन फाराम यस सङ्कायको **वेबसाइट www.tudoms.org** अनलाइन मार्फत भर्नुपर्नेछ । सो सम्बन्धी **Link www.fomecd.edu.np** बाट समेत उपलब्ध हुनेछ ।
- विद्यार्थीले आवेदन फाराम बापत बुझाउनु पर्ने शुल्क आफूले चाहेको क्याम्पस/कलेजमा बुझाउनुपर्नेछ । उक्त शुल्क बुझाएको रसिद Online फाराम बुझाउँदा अपलोड गर्नुपर्नेछ ।
- सम्बन्धित क्याम्पस/कलेजले उक्त फारामको विवरण र सो बापत बुझाउनुपर्ने शुल्क उक्त क्याम्पसबाट फाराम भरेका विद्यार्थी सङ्ख्याका आधारमा एकमुष्ट रूपमा व्यवस्थापन सङ्काय, डीनको कार्यालयको ने.बै.लि.खाता नं. ०४५००१०००९९०६६००००१ मा बुझाई उक्त भौचर मिति २०७९ माघ १३ गते साँझ ४ बजेभित्र र दोब्बर शुल्क सहितको आवेदनको हकमा २०७९ माघ १८ गते साँझ ५ बजेभित्र www.tudoms.org मा अपलोड गर्नुपर्नेछ ।
- परीक्षार्थीले आवेदन फाराम बापत रु. १,५००।- (एक हजार पाँच सय) दस्तुर बुझाउनुपर्नेछ ।
- परीक्षा केन्द्र सम्बन्धी सूचना यस सङ्कायको वेबसाइट **www.fomecd.edu.np / www.tudoms.org** मा पछि प्रकाशित गरिनेछ ।

**डीन**